**निर्णय नं. १**

यस जिल्ला अन्तर्गतका गा.वि.स.हरुको आ.व. ०७१/०७२ को जिल्ला स्तरीय बार्षिक समिक्षा गोष्ठी मिति २०७२।४।१९ गते सम्पन्न भयो । गोष्ठीमा गा.वि.स.को प्रस्तुतीकरणमा देखिएका सवल पक्षहरुलाई दिगो बनाउने र कमजोर पक्षको सम्बन्धमा राजनैतिक दलका प्रतिनिधीहरु एवं अन्य सहभागीहरुले राख्नु भएको जिज्ञासा समेतलाई मध्यनजर गर्दै आगामी दिनहरुमा सुधार गरेर जानुपर्ने तर्फ सम्बन्धित गा.वि.स.को ध्यानाकर्षण गराउने निर्णय गरियो ।

**सवल तथा अनुकरणीय कार्यहरु :**

- सवै वस्तीमा शौचालय निर्माण हुनु ।
- आवधीक योजना निर्माण भई कार्यान्वयन शुरु भएको ।
- गा.वि.स. र नगरपालिका खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिएको
- धुवाँरहित गा.वि.स.घोषणा हुन शुरु गरिएको
- पुर्ण सरसफाईका रणनीतिक योजना तयार गरिएको ।
- व्यवसायिक तरकारी खेती विस्तार ।
- रिचार्ज पोखरी निर्माण ।
- आन्तरिक आयमा क्रमिक रुपले वृद्धि ।
- कम्प्यूटरको माध्यमद्धारा लेखा परीक्षणको सुरुवात ।
- सवै गा.वि.स.वाट प्रगति विवरण प्राप्त हुनु ।
- सवै गा.वि.स.मा परिषद् हुनु र सचिव गा.वि.स.मा रहि सेवा प्रदान गर्नु ।
- पेश्की तथा बेरुजु रकम घटदै जानु ।
- लक्षित वर्गको जागरण तथा चेतनामा विकास हुनु ।
- खानेपानी शुरक्षा योजना लागु गर्न थालनी गरिएको
- दैवीप्रकोप (भुकम्प) को वावजुद पनि सवै गा.वि.स.ले योजना सम्पन्न गर्न सफल भएका
- २० वटा गा.वि.स.हरुको वास योजना तयार गरिएको र ४ वटा गा.वि.स.को निर्माण क्रममा रहेको ।
- सामाजिक सुरक्षा बापत भत्ता पाउने व्यक्तिको नामावली कम्प्यूटर मा ईन्ट्रि गरिएको छ ।

**कमजोर तथा सुधार गर्नुपर्ने कुराहरु**

- श्रोत नक्साको व्यवस्थित रुपमा तयार गर्न नसकिएको
- योजना छनौटमा प्राथमिकता निर्धारण प्रकृया लागु गर्न नसकिएको
- आयोजना जाँचपास व्यवस्थित नहुनु
- सुपरिवेक्षण तथा अनुगमन प्रभावकारी वनाउन नसकिएको
- सवै गा.वि.स.मा कम्प्युटर प्रणाली वाट काम गर्न नसकिएको
- चालु र निर्माणाधिन योजनाको विवरण तथा भौतिक प्रगती प्रष्ट रुपमा नदेखिनु,
- गा.वि.स. प्रोफाईल भएको अद्यावधिक नभएको ।
- विषयगत कार्यालय अन्य निकाय र गा.वि.स.बाट सञ्चालित योजनामा दोहोरोपन हुने गरेको,
- सामाजिक सुरक्षाको लगतकट्टा विवरण समावेश हुनुपर्ने,

- गा.वि.स.को आन्तरिक आय–व्ययको छुट्टाछुट्टै प्रगति विवरण शिर्षकगत पेश गर्नुपर्ने ।
- रकम अल्या मौज्दात सार्दा चालु शिर्षकको र पूँजीगत कुन शिर्षकको हो स्पष्ट रुपमा उल्लेख गर्ने र सोही अनुसार कार्यान्वयन गर्ने नगरिएको ।
- प्रगतिको समिक्षा गर्दा कम्तिमा २ आ.व.को तुलनात्मक हुने गरि पेश नभएको ।
- पूर्वाधारजन्य कार्यक्रममा खर्च हुने गरेको तर प्रवर्द्धनात्मक कार्यक्रममा खर्च हुन नसकेको साथै पूर्वाधारको यूनिटवाईजको लक्ष्य र प्रगति पेश नभएको ।
- २५% मालपोत जि.वि.स.मा दाखिला गर्नुपर्नेमा सो नगरिएको र प्राविधिक व्यवस्थापनमा चेकजाच गर्ने तथा सूपरिर्वेक्षण गर्ने प्रणाली व्यवस्थित नवनाईएको ।
- जनप्रतिनिधि नहुदा काम गर्न असहज भएको,
- गाउँवाट सहरमा वसाई सराईको क्रम वढ्दो रहेको हुँदा गाउँको जनसंख्या घट्दो क्रममा रहेको
- उपभोक्ताहरु योजना पार्न सक्रिय हुने तर योजना कार्यान्वयनमा निश्क्रियता देखाउने
- कर्मचारी दक्ष नहुँदा काम गर्न असहज भएको,
- जनसहभागिता जुटाउन गाह्रो भएको
- प्रशासनिक खर्चले धान्न कठिन भएको (२ जना स्थायी कर्मचारी भएको स्थानमा)
- गा.वि.स.को आन्तरिक आय रकमवाट विकास निर्माण कार्यमा लगानी नभएको
- लक्षित वर्गको रकम नियामानुसार विनियोजन भए तापनि खर्च अनुपात कमी भएको ।
- आन्तरिक आम्दानी वृद्धिमा पहल हुन नसकेको ।

**सिकाईहरुः**

- जथाभावि डोजर लगाई बाटो खन्दा वातावरणीय सन्तुलन विग्रने अवस्था,
- नयाँ कच्चि सडकले पुराना लोक मार्ग, ओटासिल तथा ग्राभेल सडकहरुलाई विगारेको,
- डोजरको जथाभावि खनाइले घर, विद्यालय भत्केका, राहत दिनु पर्ने,
- लक्षित वर्गका कार्यक्रमहरु सम्बन्धित संजालद्वारा गर्दा काम पनि राम्रो र दोष पनि नआउने,
- वास्तविक आवश्यकता पहिचान गर्न सके जनसहभागिता जुटाउन सकिने ।
- अनुदान रकम वढ्दै गएकोले प्रवर्द्धनात्मक तथा पूर्वाधारका क्षेत्रमा लगानी वढाउन सकिने ।
- क्षमता विकासका कार्यक्रम संचालन गर्न सकेमा गुणस्तरता कायम हुन सक्ने ।

**प्रस्तुतीका क्रममा उठेका विषय तथा सुझावहरु :**

- आन्तरिक आयलाई व्यवस्थित गर्नु पर्ने/आय श्रोतको खोजि हुनु पर्ने,
- कृषि कार्यक्रम आयमूलक क्षेत्र तर्फ उन्मुख हुनु पर्ने/रोजगार मूलक/उत्पादन मूलक हुनु पर्ने,
- लक्षित वर्गका कार्यक्रमहरु  कार्यान्वयनमा गा.वि.स.वाट सहजीकरण गरिनु पर्ने
- योजनागत र विविधमा पूँजीगत खर्च देखाईएकोमा योजनाको शिर्षक खुलाउनु पर्ने,
- कतिपय गाविसमा लक्षित कार्यक्रमहरु राम्रो भएको,

- कार्ययोजना तयार गरि समयमानै निकासा र खर्च गर्नुपर्ने,
- गा.वि.स.को अनुगमन संयन्त्रलाई प्रभावकारी वनाउनु पर्ने,
- एक तहमाथिको प्राविधिकवाट योजना तथा कार्यक्रमको चेकजाच तथा सूपरिर्वेक्षणको प्रवन्ध मिलाउनु पर्ने ।
- लक्षित वर्गको रकम शशक्तिकरण,आयआर्जन र पूर्वाधार शिर्षकमा छुटाउन प्रतिशत निर्धारण गरिनु पर्ने ।
- योजना साना र थोरै रकमको भएको हुँदा आशातित उपलव्धी हासिल हुन नसकेको ।
- सामाजिक सूरक्षाको लगत कट्टा विवरण समेत समिक्षामा उल्लेख गर्नुपर्ने ।
- गा.वि.स.वाट सडकको ट्रयाक खोल्ने कार्य निरुत्साहित गरी सडकको स्तरोन्नतीमा जोड दिईएको ।

**निर्णय नं.** २ आगामी बर्षमा योजना कार्यक्रमहरु दोहोरो नपर्ने गरी सञ्चालन गर्न समन्वय प्रभावकारी बनाउनु पर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३

बजेट निकासा र खर्च व्यवस्था गरिँदा अनुगमन निर्देशिकाले तोके बमोजिमको समयावधि भित्रै रहेर गर्ने गराउने प्रभावकारी व्यवस्था हुनुपर्ने निर्णय गरियो ।

**निर्णय नं.** ३

विद्यमान संक्रमणकालीन अवस्थामा पनि गाविसहरुले प्रस्तुत गरेको लक्ष्य र प्रगति विवरण सन्तोषजनक रहेकोले राम्रो गर्नेलाई प्रोत्साहन गर्ने तर्फ ध्यान दिनुपर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४ कमजोर पक्षलाई समेत ध्यानमा राखी योजना तर्जुमा हुनुपर्ने निर्णय गरियो ।

**निर्णय नं.** ५ अनुगमन निर्देशिकाले लक्षित गरेका लक्षित वर्गमा विनियोजीत बजेटलाई समयमानै खर्च गर्ने तर्फ सुझाव दिने निर्णय गरियो ।

यस जिल्ला अन्तर्गतका ५३ गा.वि.स.हरुको आ.व. २०७२/७३ को बार्षिक समिक्षा गोष्ठी मिति २०७३/०४/१८ गते सम्पन्न भयो । गत र विगत बर्षहरुमा सवै गा.वि.स.सचिवहरुले आ-आफ्नो गा.वि.स.को गत आ.व.को आय व्ययको विवरण प्रस्तुत गर्ने गरेकोमा यस बर्ष समिक्षा कार्यक्रम ३ निर्वाचन क्षेत्रको १/१ वटा मात्र प्रस्तुतस्करण गरिएको थियो । क्षेत्र नं. १ बाट पौवैगौडे गा.वि.स. का गा.वि.स.सचिव कल्पना पौडेल, क्षेत्र नं. २ वाट एलादी गा.वि.स.का जीवन शर्मा र क्षेत्र नं. ३ श्रीकृष्णगण्डकी गा.वि.स.का गा.वि.स.सचिव हिरामणी पाण्डेले आ-आफ्ना गा.वि.स.को प्रगति प्रस्तुतीकरण गर्नु भएको थियो । सवै गा.वि.स.को प्रगति प्रतिवेदन एकिकृत गरी जि.वि.स. स्याङ्जा योजना शाखाका शाखा अधिकृत याम प्रसाद रेग्मीवाट प्रस्तुतीकरण गर्नु भएको थियो ।

गाउँ विकास समितिको आ.व. २०७२/७३ को आम्दानी तथा खर्च सम्वन्धी विस्तृत विवरण निम्नानुसार छ ।